वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आर्क वेल्डिङ,क्लिभर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १२६ ○श्रेणी 'क' ○२०७२ माघ २४ गते आइतबार ○ 7 Feb. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

Office Sale!

1500 Sq Ft. office Sale in front of Ratna emporium with inverter/Ac/Furniture/phone/intercom/wifi fully Decorated 3 cabin with 1for rest,Totally tiles floor & attached toilet (western)

Cost:- Rs 40 lakhs but negottable

Interested parties may contact on following number as early as possible

Contact:-98161-02216

कास्की कांग्रेसको अधिवेशन भोलि, गुट-उपगुटका नेता व्यस्त

सभापतिका दावेदारको हार–गुहार तीव्र

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ माघ ।

नेपाली कांग्रेसको १३औं महाधिवेशन अन्तर्गत जिल्ला अधिवेशन हुन अब १ दिनमात्र बाँकी छ । गाउँ, नगर र क्षेत्रीय अधिवेशन सकिएपछि सबैको ध्यान जिल्ला अधिवेशनमा केन्द्रित भएको छ । कास्कीमा पनि कसलाई सभापति बनाउने र को बन्ने ? भन्ने चर्चाले व्यापकता पाएको छ । विशपगरि सभापति पदका आकांक्षीहरु अहिले पार्टीको केन्द्रीय नेताहरुको आशिर्वाद लिन र मतदाता प्रतिनिधिहरुको भोट लिन विभिन्न रणनीति तयार गर्नमी व्यस्त छन् । गुट-उपगुटका आन्तरिक तथा अन्तर्गुट बैठक चलिरहेका छन् ।

कास्कीमा सभापतिका आकांक्षी मानिएको शुकराज शर्मा, कृष्ण केसी, गुरु बराल, कृष्ण कार्की आ-आफ्नै ढङ्गले मतदाता समक्ष प्रस्तुत भइरहेका छन् । सभापतिको दौडमा मौन जस्तै बसेका देवराज चालिसे पनि क्षेत्रीय अधिवेशन पछि आफ्नो पक्षमा माहोल बन्न सक्ने अनुमान गर्दै विभिन्न गुट-उपगुटका नेतासंग आन्तरिक छलफलमा व्यस्त छन् । उनलाई पार्टीको संस्थापन वा देउवा समूह मध्ये कसले साथ दिने भन्ने एकिन नभएकोले उनको उम्मेदवारीमाथि अधिकांशले शंका व्यक्त गरिरहेका छन् । चालिसेको चर्चा कार्यकर्ता माझ चलेपनि उही जोश्किम मोलेर राजनीति गर्न चाहदैनन् । त्यसैले उनले सभापतिमा उम्मेदवारी दिने सम्भावना अत्यन्त कम रहेको कतिपयको भनाइ छ । अघिल्लो अधिवेशनमा पनि शुकराजसंग आफ्नालाई सभापतिमा समर्थन गरिदिन बारम्बार आग्रह गरेको तर शुकराजले अन्तिम अवस्थामा पोषनाथलाई उम्मेदवार बनाउने भएपछि चालिसेले शुकराजकै रिसमा यज्ञबहादुर थापालाई समर्थन गर्न पुगेका थिए । तर उनी आफै उम्मेदवार बन्न भने आँट गरेनन् । यसपटक पनि चालिसेको समर्थन पाउने उम्मेदवारलाई चुनाव जित्न सजिलो हुने कतिपय बताउछन् ।

विशेषगरि सिधा प्रतिस्पर्धामा शुकराज शर्मा र कृष्ण केसीलाई लिइने गरेको भएपनि क्षेत्रीय अधिवेशनको परिणामले शर्मा उत्साहित देखिएका छैनन् । क्षेत्र नं. १ मा शुकराजका सहितको टीमले उठाएका प्रकाश खनालयं वीजमान गुरुङले हराउनु, क्षेत्र नं. ३ मा पनि शुकराजले समर्थन गरेका पुण्डरी बरालले विजयराज आचार्यले सभापतिमा हराउनुले मात्र नभइ क्षेत्र नं. २ मा शुकराजको समर्थन प्राप्त माधव वस्तीलालाई पुष्पेन्द्र पाण्डेले कडा टक्कर दिएको र क्षेत्र नं. ४ मा पनि शर्माको भतिजा पोषनाथलाई मनोज गुरुङले त्यस्तै टक्कर दिएकोले पनि शुकराज उत्साहित हुन नसकेका हुन् ।

कास्कीमा संस्थापन पक्षका कांग्रेस कार्यकर्ताको मत लिएर चुनाव जित्ने दाउमा लागेका शुकराजले पछिल्लो समयमा केन्द्रमा शेरबहादुर देउवालाई समर्थन गर्ने निश्कर्षमा पुगेपछि उनलाई मत दिन खोज्ने संस्थापनका नेता कार्यकर्ता सशंकित भएका छन् । क्षेत्र नं. ४ को निर्वाचनमा मतदान हुनुअघि पोषनाथको विपक्षमा माहौल देखिएपछि शुकराजले वरिष्ठ नेता शेरबहादुर देउवालाई टेलिफोन गरि हार गुहार गरेका थिए । उनले महाधिवेशनमा आफूले सकेको समर्थन गर्ने विश्वास देउवालाई दिलाउदै त्यसका लागि मनोज गुरुङको उम्मेदवारी फिर्ता गराईदिन आग्रह गरेको कास्कीका देउवा पक्षका नेताहरुले बताएका छन् । त्यस लगतै नेता देउवाले संविधानसभाको निर्वाचनमा क्षेत्र नं. ४ बाट कांग्रेसको उम्मेदवार बनेका प्रकाशलाई हराउन शुकराजले सार्वजनिक रुपमा वक्तव्य बाजी समेत गरेको र कांग्रेस कार्यकर्तालाई समेत प्रकाश गुरुङलाई भोट नदिन दबाव दिएकै कारणले गुरुङको पराजय भएको गुरुङले बुझेका छन् । त्यसको बदला लिन गुरुङले उपयुक्त समय यो महाधिवेशनलाई ठानेका छन् ।

कास्की कांग्रेसको क्षेत्रीय अधिवेशनबाट प्राप्त मत परिणाम

कास्की क्षेत्र नं.१

नाम थर	प्राप्त मत
सभापति	
कमलनाथ कुँवर	१०
प्रकाशमोहन खनाल	११४
वीजमान गुरुङ	११८
सचिव	
अर्जुन गुरुङ	११४
प्रेमकुमार श्रेष्ठ	१२१
कोषाध्यक्ष	
शान्तिकुमारी खनाल	निर्विरोध
सदस्यहरु	
अम्बिका आचार्य	निर्विरोध
किरण थापा	निर्विरोध
जानकदत्त अधिकारी	निर्विरोध
विनोद प्र. लामिछाने	निर्विरोध
विमलराज न्यौपाने	निर्विरोध
लक्ष्मण थापा	निर्विरोध
शरदराज सुवेदी	निर्विरोध
शोभामोहन पौडेल	निर्विरोध
सुरजंग राणा	निर्विरोध
महाधिवेशन प्रतिनिधि	
इन्द्रबुद्धा गुरुङ	५०
कृष्ण ब.केसी	१८४
गिरिराज गौतम	९६
चिनु राणाभाट	७५
भविन्द्र आचार्य	१८
तारानाथ राणाभाट	१४८
दीपेन्द्रराज ढकाल	५७
दुर्गाराज रेग्मी	५७
नन्दप्रसाद तिवारी	५४
भोजबहादुर गुरुङ	२७
यज्ञबहादुर थापा	१७३
विकास लामा गुरुङ	८०
वीरबहादुर बुढाथोकी	७८
सुदिपमोहन भट्टराई	१३५
महिलातर्फ	
कोपिला राणाभाट	१०६
चन्द्रावती पौडेल	१४९
रसकुमारी गुरुङ	८३
सरुभक्त पण्डित	१०२
दलिततर्फ	
कुमार सुनार विक	१२४
मिनबहादुर नेपाली	९६
जनजातितर्फ	
पुर्णकुमार गुरुङ	९३
बुद्धिमान गुरुङ	१२५
अल्पसंख्यक	
खलिल मिया	१३९
महेश विक्रम राणा	६४

स्रोत : मनिराम कडेल
निर्वाचन अधिकृत

पनि कांग्रेसका पुराना नेता खेमराज पौडेललाई टेलिफोन गरि मनोज गुरुङको उम्मेदवारीका बारेमा चासो राखेको बताइन्छ । यसै सन्दर्भमा नेता खेमराज पौडेलले गोल्डेन न्यूज दैनिकसंग कुरा गर्दै आफूलाई नेता देउवाले टेलिफोन गरि गुरुङको उम्मेदवारी फिर्ता गराउने सम्बन्धमा कुरा गरेको भएपनि आफूले उम्मेदवारी फिर्ता गर्न धेरै ढिलो भैसकेको र कार्यकर्ताको चाहना अनुसार नै गुरुङले उम्मेदवारी दिएको कारण फिर्ता नहुने जवाफ दिएको बताए ।

यो विषयले पनि शुकराजले आफू चुनाव जितका लागि जोसकै संग पनि हार गुहार र याचना गर्ने अवस्था देखिएको छ । तर कास्कीको राजनीतिमा शुकराजकै प्रवृत्तिका कारण कांग्रे सबाट अलगिएर प्रजातान्त्रिक कांग्रेसमा पुगेकाहरुका साथी लामो समय शुकराजले जिल्लाको नेतृत्व गर्दा उनको कार्यशैलीप्रति असन्तुष्टि प्रकट गर्दै देउवा समूहमा लागेकाहरुले शुकराजलाई देउवापक्षकै उम्मेदवार बनाएपनि मत नदिने सम्भावना छ । त्यसो त शुकराजकै कारण कास्कीको राजनीतिमा स्थापित भएका पूर्व सहायक मन्त्री प्रकाशबहादुर गुरुङ यतिबेला जुनसुकु हालतमा पनि शुकराजलाई सभापति बन्न नदिने कसरतमा लागिरहेका छन् । पहिलो

कास्की क्षेत्र नं.२

नाम थर	प्राप्त मत
सभापति	
पुष्पेन्द्र पाण्डे	५९
माधवप्रसाद वस्तीला	६५
सचिव	
कृष्ण प्रसाद कोइराला	७८
रामचन्द्र पोखरेल	३४
कोषाध्यक्ष	
तीर्थ कुमारी गुरुङ	३२
महेन्द्र अधिकारी	७८
सदस्यहरु	
क्या.फते गुरुङ	निर्विरोध
गंगाबहादुर गुरुङ	निर्विरोध
तारा बराल	निर्विरोध
दीपक प्रकाश आचार्य	निर्विरोध
बल्लभबहादुर केसी	निर्विरोध
वर्षाकेशव पराजुली	निर्विरोध
महेन्द्र पुन	निर्विरोध
मायादेवी तम्हया	निर्विरोध
ज्ञानबहादुर कार्की	निर्विरोध
महाधिवेशन प्रतिनिधि	
अमृतकुमार श्रेष्ठ	१२
आँशिराम काफ्ले	७३
किशोरवत बराल	५७
कृष्ण कार्की	४९
गंगाबहादुर खत्री	२८
गोपाल बराल	५१
डा. परमेश्वर पोखेल	३८
नविन सापकोटा	१९
निर्मलप्रसाद कर्माचार्य	१५
पदमसिंह गुरुङ	४६
पुलेन्द्रमान श्रेष्ठ	३८
बलराम कुँवर	२२
बाबुराम आचार्य	७५
बीरबहादुर कार्की	३२
भेषराज गौतम	१८
यज्ञश्वर पोखरेल	२९
रविन्द्रबहादुर पुन्जू	२९
राजकुमार गुरुङ	३७
राजेन्द्रमण पराजुली	१९
महिलातर्फ	
खेमकुमारी बरा	५१
जमुनादेवी श्रेष्ठ	४३
शारदादेवी वस्तीला	१७
शारदा पौडेल	६३
सीता गुरुङ	४३
दलिततर्फ	
कृष्णकुमारी परियार	१३
परशुराम विक पोखरेल	४२
विष्णुकुमार दर्जी	३०
मनबहादुर सार्की	२४
जनजातितर्फ	
डम्बरजंग गुरुङ	निर्विरोध
अपाङ्ग / अल्पसंख्यक	
राधाकृष्ण गुरुङ	निर्विरोध

स्रोत : रमेश भट्टराई
निर्वाचन अधिकृत

४ बाट कांग्रेसको उम्मेदवार बनेका प्रकाशलाई हराउन शुकराजले सार्वजनिक रुपमा वक्तव्य बाजी समेत गरेको र कांग्रेस कार्यकर्तालाई समेत प्रकाश गुरुङलाई भोट नदिन दबाव दिएकै कारणले गुरुङको पराजय भएको गुरुङले बुझेका छन् । त्यसको बदला लिन गुरुङले उपयुक्त समय यो महाधिवेशनलाई ठानेका छन् ।

कास्की क्षेत्र नं.३

नाम थर	प्राप्त मत
सभापति	
विजयराज आचार्य	६०
पुण्डरी बराल	४१
सचिव	
दीपेन्द्र मसांगी	निर्विरोध
कोषाध्यक्ष	
तोयबहादुर भट्टराई	निर्विरोध
सदस्यहरु	
चन्द्र बहादुर पुन	निर्विरोध
दीपेन्द्रराज आचार्य	निर्विरोध
ध्रुव रायमाझी	निर्विरोध
दिलबहादुर गुरुङे	निर्विरोध
मुना वस्तीला	निर्विरोध
रामबहादुर कार्की	निर्विरोध
रामबहादुर पुन	निर्विरोध
लक्ष्मीदेवी कार्की	निर्विरोध
शंकर प्र. वस्तीला	निर्विरोध
महाधिवेशन प्रतिनिधि	
देवराज चालिसे	७६
रामजी कुँवर	५४
नरेशशेकर पालिखे	५८
डा. रामचन्द्र पोखरेल	५२
शोभियत व. अधिकारी	५१
केशरप्रसाद निरौपी	५१
गोविन्द व. लामिछाने	१३
माधव बराल	२२
राजेन्द्रगिरि कोइराला	३४
लोकेन्द्र ब.र कोइराला	२७
शोभाचन्द्र बराल	२६
सुन्दर विजय कोइराला	१७
हस्तबाहादुर थापा	३६
महिलातर्फ	
वृन्दा राना	५५
सकुन्तला कोइराला	४४
सुनयना पालिखे	४३
रजनी केसी	३४
दलिततर्फ	
दुर्गाबहादुर सुनार	४०
प्रेमबहादुर परियार	३९
जनजातितर्फ	
विरेन्द्रनारायण विजुक्छे	निर्विरोध
अल्पसंख्यक	
हारुन खान पैठान	निर्विरोध

स्रोत : चित्तामणि शर्मा
निर्वाचन अधिकृत

यी विभिन्न कारण शुकराजले आफ्नो उम्मेदवारीलाई उत्साहपूर्वक घोषणा गर्न नसकेपनि शनिवार आफ्नो गुटका सीमित व्यक्तिहरु माझ अब सभापतिमा उम्मेदवारी दिनुपर्ने बाध्यता आएको बताएका थिए ।

यता, कृष्ण केसी भने आफू संस्थापन पक्षको उम्मेदवार भएको भन्दै मतदाता समक्ष गइरहेका छन् । शुकराजको द्वैध चरित्र कार्यकर्ता र मतदाताहरुले राम्रोसंग बुझेपछि आफूलाई चुनाव जित्न सजिलो हुने विश्लेषण केसीको छ । त्यसमाथि कास्की क्षेत्र नं. १ मा शुकराजको पक्षमा रहेर आफ्नो विरोध गर्ने यज्ञबहादुर थापा र जीवन परियारको उम्मेदवार प्रकाश खनाललाई हराएर वीजमानलाई स्थापित गराएपछि केसी थप उत्साहित बनेका छन् । उनले क्षेत्र नं. १ बाट अत्यधिक र अन्य क्षेत्रबाट पनि बहुमत प्राप्त गर्ने दावी गरेका छन् । त्यसो त शुकराजले पनि आफ्नो क्षेत्रमा सबैभन्दा बढी मत प्राप्त गरेका कारण आफूलाई नै धेरै मत पर्ने दावी गरेका छन् । क्षेत्र नं. १ बाट कांग्रेस १०० मतमात्र पाएपनि आफूले चुनाव जित्ने विश्लेषण शुकराजकै रहेको छ । तर केसी भने शुकराजलाई आफ्नो क्षेत्रबाट ३०/४० भन्दा बढी भोट नजाने दावी गर्छन् ।

सभापतिका अर्का आकांक्षी गुरु बराल पनि देउवा पक्षको आधिकारिक उम्मेदवार बन्ने प्रयासमा छन् । उनले शुकराजको द्वैध चरित्र नेताहरुले बुझेकोले संस्थापन वा देउवा पक्षको आधिकारिक उम्मेदवार शुकराज बन्न नसक्ने अनुमान गरेका छन् । बरालले जिल्लाको विभिन्न गाउँ र बडामा प्रत्यक्ष रुपमा मतदातालाई भेट्ने अभियानलाई तीव्र पारेका छन् । उनले पार्टीको नेतृत्वमा परिवर्तन र युवालाई जिम्मेवारी दिनुपर्ने कुरामा जोड दिदै आएका छन् ।

अर्को युवा कृष्ण कार्की पनि सभापतिको दौडमा छन् । उनले आफूलाई यज्ञबहादुर थापा र देवराज चालिसेले समर्थन गर्ने निश्चित भन्दै कार्यकर्तामाझ मत मागिरहेका छन् । उल्लेखित बाहेक कास्की कांग्रेसको सभापतिको रुपमा चर्चामा अरुको नाम आएपनि उम्मेदवारी पर्ने सम्भावना देखिएको छैन । नेता खेमराज पौडेल, शोभियत बहादुर अधिकारी, रामचन्द्र त्रिपाठी आदिको नाम पनि कार्यकर्ताले सभापतिको रुपमा चर्चामा ल्याइरहेका छन् ।

यातायात व्यवसायीको आन्दोलन स्थगित

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ माघ ।

यातायात व्यवसायीको शुक्रबारदेखि शुरुगरेको आन्दोलन स्थगित भएको छ । आन्दोलन स्थगित भएपछि गण्डकी अञ्चलमा सार्वजनिक सवारी संचालनमा आएको छ । शनिवार विहानैदेखि ठप्प रहेको सार्वजनिक यातायात दिउसो १ बजेदेखि चल्न थालेका थिए । यातायात व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका कास्कीका प्रमुख जिल्ला अधिकारी हरि प्रसाद मैनालीको आग्रहपछि माघ २७ गतेसम्मका लागि आन्दोलन स्थगित गरिएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीका सहसंयोजक योगेन्द्र बहादुर केसीले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए ।

पोखरामा नयाँ बस व्यवसायी समितिले रुट इजाजत पाएपछि पुराना व्यवसायी आन्दोलित हुँदा शनिवार विहान पोखरा नगर क्षेत्रमा सञ्चालन हुने र पोखरा हुँदै बाहिरिने कृषिपर्यटन सवारी चलेका थिएनन् ।

आन्दोलनका कारण सर्वसाधारण तथा निजि सवारी साधन हुनेले निकै सास्ती व्यहोरेका थिए । तत्कालका लागि नयाँ विन्धवासिनी यातायात बस व्यवसायी समिति अन्तर्गतका बस सञ्चालन नगर्ने र यातायात व्यवस्थापन समितिको बैठक बसेर निर्णय गर्ने सहमति भएको छ । पोखरा नगर क्षेत्रभित्र सञ्चालन गर्ने गरी नयाँ समितिका तीन बटा बसले रुट इजाजत प्राप्त गरेका थिए ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको निर्देशनपछि यातायात व्यवस्था विभागको पत्रका आधारमा यातायात व्यवस्था कार्यालय गण्डकीले माघ ९८ गते नयाँ समितिलाई बस सञ्चालनको रुट इजाजत प्रदान गरेको थियो । तर पोखरामा थप नयाँ बसको आवश्यकता नरहेको र भएका समितिलेनै यात्रुको आवश्यकता अनुसारको सेवा दिईरहेकाले नयाँ समितिको रुट इजाजत खारेज हुनुपर्ने पुराना व्यवसायीले माग गरेका छन् ।

मनोज गुरुङद्वारा दुःख प्रकट

पोखरा २३ माघ ।

नेपाली कांग्रेसको १३औं महाधिवेशनका क्रममा कास्की क्षेत्र नं. ४ मा मतगणना भइरहेको बेला केही मतपत्रको विषयलाई लिएर सामान्य विवाद भएकोमा निर्वाचन स्थगित गरिएको भन्दै क्षेत्रीय सभापतिका उम्मेदवार मनोज गुरुङले दुःख व्यक्त गरेका छन् । केही संचार माध्यममा निर्योजित ढङ्गले आफ्नो चरित्र हत्या गर्ने ढङ्गबाट एकपक्षीय रुपमा समाचार प्रवाह भएको भन्दै गुरुङले आफ् कांग्रेसको निष्ठावान कार्यकर्ता भएकाले लोकान्तिक अभ्यासलाई सहर्ष स्वीकार गर्ने उल्लेख गरेका छन् । निर्वाचन अधिकृतको कार्यशैली प्रति असन्तुष्टि प्रकट गर्दै गुरुङले पहिलोको निर्वाचन अधिकृत परिवर्तन गरि तत्काल निष्पक्ष र धाँधलीरहित निर्वाचन गराउन समेत माग गरेका छन् ।

STUDY, WORK & LIVE IN
USA
Intake: Spring 2016
- USD 9000 PA Tuition Fee,
- High visa success rate,
- Special class for TOEFL/ IELTS on going for USA.
Min Req.: +2 or Eqvl.
IELTS: Optional
Hurry Up !
Limited Seats for Nepali Students.
ROYAL INTERNATIONAL EDUCATION CONSULTANCY
www.royallen.com
Ranipauwa
House no.: 50, Infront of NTC
Tel: 061-533386
Email: info@royallen.com | Web www.royallen.com

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ्ग मै किन ?
तपाईले फोटोका कुनैपनि मुगलरहरीय ढाचाका कपडाहरुका लागि,
तपाईले मनेको समयमा ग्राहकलाई एकमु मुगलरहरीय सिलाईका लागि,
ग्राहकलाई आधुनिक डिजाइनका लागि,
ग्राहकलाई फोटका लागि मुगलरहरीय पोशाक मेडिल प्रयोग गरिने,
साहीको साथा, सहभाग र विश्वासको विश्वासलाको लागि,
अर्डर बमोजिम आफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग
Ashwin OCM Bulli

सुन्दर हेयर एण्ड ब्यूटी
हाम्रोकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension मनुका साथै ब्राण्डेड ग्रुडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेकी केयर, पेडी केयर पनि गरिन्छ । ग्राहकेक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।
सम्पर्क: ९८४६८५५३३०
पोखरा ट्रेड मल, घिस्लेढङ्गा
(First Floor X2)

Study in USA
FREE SEMINAR
one to one
Information Session
Date : 12th, Feb.2016, Friday
Time : 11:30 AM-3:30 PM
Venue : Award International
❖Visit with your original documents and meet US UNIVERSITY REPRESENTATIVE / EXPERTS for SPOT assessment.
AWARD INTERNATIONAL INSTITUTE
Mahendrapool, Pokhara
Tel: 061-533049,9846325805,9846064040
(opposite BigBite Building)
Email:intlaward@gmail.com
❖TOEFL/ IELTS optional.
❖Tuition fee Payment after Visa.
❖Attractive Scholarship Opportunities for deserving students.
❖Fast Visa Processing & high Visa Success rate.

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उद्यम्य साहस हुन्छ ।
- सर्ड मैपियर

सम्पादकीय ...

विकासलाई एत्रसूत्रीय नारा बनाउ

करिब ५ महिनापछि वीरगञ्जको रक्सौल नाका संचालनमा आएको छ । यो नाका नेपालकै प्रमुख हो । यो नाका भएर नेपालमा करिब ७० प्रतिशत सामाग्री भित्रिने गर्दथ्यो । यसअघि देशका अन्य नाकाहरु संञ्चालनमा आएपनि वीरगञ्ज नाका सञ्चालनमा आउन सकिरहेको थिएन । जनताको प्रयासमा नाकाबन्दी खुलेको भएपनि त्यसभित्र केके कारण छन् त्यो विश्लेषणको कुरा होला तर डिजे भएपनि नाका खुल्नुले नेपालीको जनजीवन अब सहज हुँदै जाला भन्ने आशा गर्न सकिन्छ । नाका शुकवारदेखि संचालनमा आएको भएपनि शनिवार पनि बन्द गर्ने प्रयास पनि नभएको होइन । हरु पनि पूर्ववतरुपमा संञ्चालनमा आउन सकेका छैनन् । तर पनि वीरगञ्जबाहेकका नाकाहरु कामचलाउ रुपमा संञ्चालनमा आइसकेका छन् । असोज ३ गते संविधान जारी भएपछि असोज ६ गतेदेखि नाकाबन्दी गरिएको थियो । शुरुमा भारतले नाकाबन्दी गरेकोमा मधेशकेन्द्रित दलहरुले त्यसमै बहाना थपिदिएपछि नाकाबन्दी कसिलो बन्न पुगेको थियो । भारतले बन्द गरेका अन्य नाका खुले पनि मधेशी दलहरुले बढी जोड्दल लगाएको वीरगञ्ज नाका नखुल्दा जनजीवन सामान्य बन्न सकिरहेको थिएन । कलकत्ता बन्दरगाहको सिधा रुट पर्ने वीरगञ्जबाट नै नेपालमा सस्तरी प्रतिशत सामान भित्रिने भएकाले पनि यो नाका नखुल्दा देशको समग्र अवस्थामा ठूलो समस्या पारिरहेको थियो । यसले गर्दा देशका अन्य क्षेत्रको अवस्था त संकटग्रस्त बनेको छ नै, स्वयं वीरगञ्ज र तराई मधेशको अवस्था अझ दयनीय बनिरहेको थियो । अब विस्तारै सहज हुनेछ भन्ने आशा गर्न सकिन्छ । सामान्यतः नाकाबन्दी आन्दोलनको एक अमानवीय स्वरुप हो । तराई मधेशका दलहरुले उठाएका आवाज गलत होलान् तर कुनै भूभागमा जबर्जस्ती थुनेछक गरेर आफ्नो अधिकार मागनु कम्तिमा एक्काइसौं शताब्दीमा सुहाउने कुरा थिएन । छिमेकी देशको हस्तक्षेपकारी रवैयालाई खुलेआम स्वागत गर्दै देशभित्र बस्नेहरुले देशभित्रकै नागरिकमाथि यति चरम अत्याचार गर्नु सुहाउने कुरा हुँदै होइन । मधेशमा समस्या छ, मधेशी जनता अधिकार चाहन्छन् तर केही मधेशी दलहरुले मधेश आन्दोलनका नाममा अधिकार माग्न जुन हतियार प्रयोग गरे, त्यसले मधेश आन्दोलनलाई पनि पछाडि धकेलेको छ । योसँगै लामो समयदेखिको आन्दोलन पनि स्थगन हुने सकेत देखिन्छ । मधेशवादी दलहरु सत्ताधारीवाट केही आश्वासन पाएपै आन्दोलन स्थगन गर्ने निर्णयमा पुगे होलान्, तर अब उनीहरुको जायज मागलाई पुरा गर्न ढिलाई गर्नुहुन्न । मधेवादी दहरुपनि नेपाली नै हन्, उनीहरुलाई सौताको व्यवहार नगरियोस् ।

महाभूकम्प, नाकाबन्दी र लामो मधेश आन्दोलनले कृषि लगायत समग्र क्षेत्र दयनीय अवस्थामा छ । ढिलो भएपनि नाकाबन्दी खुलेको छ, मधेश आन्दोलन पनि टुङ्गिने अवस्थामा पुग्ने निश्चित छ । यसलाई सदुपयोग गर्दै सबैको चित्त बुझाएर अघि बढ्न सरकार तथा प्रमुख दलहरुको दायित्व हो । मधेशवादी दलहरुले यो वा त्यो बाहानामा मुलुकलाई बर्वादीमा तेजाने कोशिष गर्नुहुँदैन । अब सबै दलहरु एकै ठाउँमा आएर मुलुकको समस्या समाधान तर्फ लाग्नु अहिलेको अपरिहार्य आवश्यकता हो । यदि अब पनि दलहरुमा चेतना आएन र अनावश्यक बखेडामा अल्झिरहन पुगे भने मुलुक अझै दशकौं पछि धकेलिने निश्चित छ । नेपाली जनताको करिव १ दशकदेखिको सपना संविधानले पुरा गरेको छ, ढिलो भएपनि नाकाबन्दी खुलेको छ । अब राजनीतिक क्रान्ति लगभग पुरा भएको छ । दलहरु गम्भीर एवं एकताबद्ध भए भूकम्पका कारण अस्तव्यस्त भएको मुलुकमा विकास निर्माणलाई एकमुष्ठीय नारा बनाउन जरुरी छ । दलहरु मुलुकको विकासमा केन्द्रित हुन जरुरी छ र चुनावको वेला जनतामा बडेकको सपनालाई पुरा गर्नतर्फ लाग्नु आजको अपरिहार्य आवश्यकता पनि हो । मुलुकको विकासमा सबै दलहरु एकताबद्ध नहुने हो भने केही पनि गर्न सकिन्न भन्ने यसअघिको घटनाक्रमलाई मनन गरि अघि बढ्न अब ढिलाई गर्नुहुन्न । मुलुकको टड्कारो आवश्यकता पनि यहि हो ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल माघ २४ गते आइतबार, तदनुसार फरवरी ७ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कलियुगाब्दः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शिशिर ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार पौषशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज माघकृष्णपक्षको चतुर्दशी तिथि ३८ घटि २४ पला अर्थात रातिमा १० बजेर १४ मिनेटसम्म त्यसउपरान्त अमावस्या तिथि लाग्नेछ । आज सूर्य मकर राशिमा, चन्द्रमा वृश्चिक राशिमा अहोरात्र रहनेछ । आज दिनमान २७ घटि ११ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि विहान ठीक ६ बजेर ५१ मिनेटमा रौद्र मूहर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ४४ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : कृषि कार्यवाट लाभ पाइने, मेहनत गरेको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पुरा हुने।

वृष : आर्थिक लेनदेनमा विवाद हुनेछ, अनावश्यक कार्यमा दिन विनेछ, पठनपाठन क्षेत्र अस्तव्यस्थ हुने, दिन खराव छ।

मिथुन : आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नैतृत्व कार्य असफल, टाढाको यात्रामा सावधानी अपनाउनु पर्नेछ।

कर्कट : नयाँ व्यवसाय गर्नतिर मनजान सक्नेछ, पारिवारिक समस्या सुल्झिनेछ, सामाजिक कार्यमा सम्मान मिल्नेछ।

सिंह : कृषि कार्यवाट लाभ पाइने, मेहनत गरेको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पुरा हुने।

कन्या : भूमि सम्बन्धी विवाद, महत्वपूर्ण कार्यमा स्थगित हुनेछ, सुनचाँदी कारोवारमा मन्दी आउन सक्नेछ।

तुला : मान्यजनवाट सहानुभूति मिल्ने, व्यापारिक कार्य सफल रहनेछ, साहित्य क्षेत्रवाट सफलता मिल्नेछ, दिन शुभ छ।

वृश्चिक : मित्रको सहयोगले ठूलो काम सम्पन्न, वैदेशिक रोजगारको अवसर मिल्ने, स्वीपश्वाट सुख प्राप्त हुनेछन्।

धनु : शत्रुवाट मानसिक पीडा वाँपनेछ, पारिवारिक कलहवाट टाढा रुप लिनेछ, आफन्तवाट विशेष कार्यमा धोका हुनेछ ।

मकर : व्यापार व्यवसायवाट घाटा, स्वास्थ्यमा एक्कासी खराबी, अनावश्यक मानसिक चिन्तन र थकान बढ्नेछ।

कुम्भ : रोजगारीवाट आत्मसन्तुष्टि मिल्ने, नयाँ मित्रसंग भेटघाट, मानसम्मानको अवसर प्राप्त हुनेछ, समय शुभ छ।

मीन : सरकारी सहयोग मिल्ने, नयाँ साथीसँग सम्बन्ध गाँसिने, सामाजिक एवम् व्यक्तिगत काममा सकियता बढनेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४९१४७३६९

संविधान, नाकाबन्दी र प्रमको भारत भ्रमण

राजेशचन्द्र राजभण्डारी

नेपाली जनताले २०७७ देखि उठाएको संविधान सभावाट संविधान बनाउनुपर्ने जुन मुद्दा उठाएका थिए । त्यो मुद्दा आज ६५ वर्षपछि पुरा भएको छ । संविधानसभावाट नेपाली जनताले संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान पाउन सफल भएको छ । यसलाई ठूलो सफलता मान्नुपर्छ तर संविधान निर्माणसँगै संविधान प्रति असहमति जनाउदै मधेसवादी दल आन्दोलनमा उत्रिएका छन् ।

आन्दोलन पनि अचम्म किसिमको छ, सीमा केन्द्रित धर्ना र आन्दोलन त्यो आन्दोलनलाई छिमेकी मुलुक भारत स्वघोषित समर्थन छ । संविधान सभावाट पहिलो पटक संविधान निर्माण नगरी नाटकिय ढगवाट संविधान सभा नै विघटन गरियो । अहिले वल्ल नाटकको पर्दा विस्तारै खुल्दैछ । पहिलो पटक संविधान सभाले किन संविधान दिन सकेन, कसको इसारामा संविधान सभा विघटन भयो भन्ने कुरा अहिले चलिरहेको मधेसवादी दलको तथा कथित आन्दोलन र उसले गरेको आन्दोलनलाई छिमेकी भारतको समर्थनवाट स्पष्ट भएको छ । संविधान सभावाट नेपाली जनताका प्रतिनिधीले बनाएको संविधानमा मधेशी जनतालाई अधिकार नदिएको भन्ने बहाना बनाउदै मधेशी जनतालाई आन्दोलनमा होमेर वीरगञ्ज नाका महिनौं दिनदेखि ठप्प पारिएको छ । भारतवाट इन्धन लगायतका सामाग्री भित्रिने प्रमुख नाकाको रुपमा रहेको वीरगञ्ज नाका वन्द भएपछि नेपाली जनतालाई हुनु सास्ती भएको छ । पेट्रोल, डिजेल देखि खाना पकाउने ग्यास अहिले पनि वजारमा हाहाकार नै छ ।

वैशाख १२ गते र २९ गते गएको महाभूकम्पको पिडा भोगेका आम नेपाली जनतालाई राहत दिनुपर्ने समयमा छिमेकी मुलुक भारतले मधेसवादी दलको आन्दोलनलाई बहाना विरगञ्ज नाका घोषित रुपमै बन्द गरेर छिमेकीको असली रुप प्रदर्शन गरिरहेको छ । नाका बन्दीकै कारण देशको अर्थतन्त्र समेत तहस नहस वनिसकेको छ । उसले भन्छ हामीले केही अवरोध गरेका छैनौं, यो सबै मधेसीदलको आन्दोलन र मितेरी पुलमा मधेसी नेताको धर्नाको कारणले भएको समस्या हो भन्ने रेडिमेड उत्तर भन्दा अरु केही दिदैन । छिमेकी मुलुक भारतले मधेसवादी दलले गरेको सीमा अवरोध आन्दोलनलाई बहाना बनाएर आफ्नो उल्लु सोझो गर्न खोजेको कुरा दुनियाको सामु छिपेको छैन । नेपालले पहिलो पटक संविधान सभावाटै संविधान बनाएकोमा छिमेकी मुलुक त्यती खुसी देखिएको छैन । तेपालको संविधानलाई भित्री स्वरले समर्थन त गऱ्यो तर नाका अवरोध भने अहिलेसम्म कायमै राखेको छ ।

छिमेकी मुलुक भारतको भनाई र गराईमा फरक फरक खालको छ । नाका अवरोधमा आफ्नो कुनै भूमिका नरहेको बताउँछ तर आन्दोलनमा उधीएका मधेसवादी दलका नेता तथा कार्यकर्तालाई आफ्नो भूमि भित्र मेस संचालन गरेर महिनौं महिना दिन खाना, नास्ता खुवाउँछ । अहिले बनेको संविधान प्रति मधेसको समस्या रहेको भन्दै संविधान संशोधनको कुरा उठाउँछ तर संविधान सभाले मधेसीले राखेको माग पुरा गरी नेपालको संविधान संशोधन गर्दा समेत न त मधेसवादी दल सकारात्मक छ न त हाम्रो छिमेकी मुलुक भारत नै । नेपालमा संविधान सभावाट संविधान घोषणा हुनवाट मधेसवादी दललाई अगाडी सारेर रोक्ने प्रयास गऱ्यो तर असफल भएपछि देशमा प्रधानमन्त्रीको लागि संविधान सभामा निर्वाचन हुँदा वखत शुशिल कोइराला र के.पी. ओली विच निर्वाचन हुँदा मधेसवादी दलका सभासदवाट शुशीलको पक्षमा मतदान गर्न पठाए पनि त्यो खेल पनि असफल भयो । देशमा नयाँ संविधान अनुसार के.पी. ओली प्रधानमन्त्री बनेपछि भारतीय प्र.म. नरेन्द्र मोदीले फोनवाट बधाई दिने काम गरेपनि उसको रवैया भने जस्तको तस्तै रह्यो । यो सारा विश्व सामु छलेइ छ ।

नेपालको प्रतिनिधित्व गर्दै परराष्ट्र मन्त्री कमल थापाले २ पटक छिमेकी मुलुक भारतको भ्रमण गरी भारतले लगाउँदै आएको सिमा अवरोध नाकाबन्दी हटाउन राखेको प्रस्ताव उपर छलफल गरेपनि प्रमुख व्यापारिक विरगञ्ज रक्सौल नाका खोल्ने भनेपनि खासै प्रगति देखिएको छैन । भारतीय विदेश मन्त्री सुष्मा स्वराजको भाषा नरम भएपनि रवैया भने वुझी नसक्नु छ । अहिले नाकाबन्दीकै कारण नेपाली जनताले धेरै दुःख कष्ट भोग्न वाध्य छन्, सवै कुरामा कालो वजारी छ, अहिले सरकारले नेपाली जनतालाई खाली खोको आश्वासन भन्दा अरु केही दिनसको अवस्था पनि छैन । मधेसवादी दलले उठाएको कुरा संविधानमा संसोधन हुँदा पनि उनीहरु अकॉ वखेडा फिकेर नाका अवरोधलाई कायम राखेका छन् ।

अब के चाहियो मधेसी जनतालाई, के कुरा पुर्याेन संविधानमा त्यो भन्न सकुपर्ने । यस्तै समयमा नेपालका प्रधानमन्त्री ओलीलाई भारत भ्रमणको निमन्त्रणा आएको छ । के.पी. ओलीले रक्सौल विरगञ्ज नाका अवरोध नहटेसम्म छिमेकी मुलुक भारतकी भ्रमण नगर्ने कसम खाएका छन् । प्रधानमन्त्री ओलीले आजका दिनसम्म नेपाल र नेपाली जनताको पक्षमा जुन अडान लिएका छन् त्यो सकारात्मक देखिन्छ । तर भारतले सानो चोटले रक्सौल नाका अवरोध नहटेसम्म छिमेकी मुलुक भारतकी भ्रमण नगर्ने कसम खाएका छन् । प्रधानमन्त्री ओलीले आजका दिनसम्म नेपाल र नेपाली जनताको पक्षमा जुन अडान लिएका छन् त्यो सकारात्मक देखिन्छ । तर भारतले सानो चोटले रक्सौल नाका अवरोध नहटेसम्म छोटकाट देखिदैन । आफ्नो चाहना विपरित वनेको ओली सरकार आफ्नो अनुकूल नचलें सम्म नाकावन्दी खुल्ने लक्षण देखिदैन । केही दिन अगाडी मधेसवादी नेता भारतको विहारमा पुगी छलफल गर्दा भारतीय नेताहरुले मधेस आन्दोलन, संविधान, अंगिकृत नागरिकता वारे प्रश्न गरे, अंगिकृत नागरिकता भएको व्यक्ति नेपालको राष्ट्रपती, प्रधानमन्त्री देखि जुनसुकै पदको लागि पनि योग्य हुनुपर्ने अडान देखियो । दोश्रो पटक संसोधन भएको संविधान प्रति पनि मधेशवादी दल खुसी नहुनु र छिमेकी भारतले पनि पूर्ण समर्थन नगर्नुका पछाडि यही कुरा लुकेको अब स्पष्ट भएको छ ।

छिमेकी मुलुक भारत जसले दुनियाँलाई लोकतन्त्रको वकालत गर्छ, आफ्नै देशमा आईको अध्यक्ष सोनिया गान्धीलाई विदेशी भएको भन्ने प्रधानमन्त्री हनवाट रोकेको कुरा सवैले बुझेका छन् । यदी अंगिकृतको कुरा उठाउने हो भने पहिला आफ्नो देशमा त्यसको प्रयोग गरेर देखाउ भन्ने कुरा सवैको देशको मामिलामा हस्तक्षेप गर्ने अधिकार कसैलाई पनि छैन । प्रधानमन्त्री ओली भारतको चर्चा चलिरहेको समय एमाओवादी अध्यक्ष पचण्डले प्रदेश सिमाङ्कन पुनरावलोकन प्रक्रिया अघि बढेपछि मात्रै नाकाबन्दी खुल्ने कुरा सार्वजनिक रुपमा उठाएका छन् । अब भारतले नाका खोल्नको लागि राजनीतिक संघर्ष माफत प्रक्रिया सम्भौता गर्नु हुदैन, प्रम ओली भारत भ्रमण गर्नु ढुलो कुरा होइन, आफ्नो राष्ट्र र जनताको पक्षमा उभिनु प्रमुख कुरा हो ।

साभार : जनमञ्च

मुक्तक मञ्च पोखरामा रचनावाचन

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ माघ ।

मुक्तक मञ्च पोखराको ९३औं रचनावाचन कार्यक्रम शनिवार सम्पन्न भयो । मुक्तकको उत्थान, ह्रासे प्रण भन्ने नाराका साथ स्थापित मञ्चले प्रत्येक महिना रचना वाचन कार्यक्रमका साथै विभिन्न साहित्यिक गतिविधि सचालन गर्दै आएको छ । कार्यक्रममा डेढ दर्जन सष्टारुले समसामियक विषयमा मुक्तक प्रस्तुत गरे ।

मञ्चकी अध्यक्ष सरला लामिछाने 'सर' को अध्यक्षतामा भएको कार्यक्रममा गजल सन्ध्या पोखराकी अध्यक्ष विर्सना वस्तेत समेत सहभागी भइ मुक्तक वाचन गरेकी थिइन । मञ्चका सह-संचिव भरतराज पौडेलले कार्यक्रम संचालन एवं मुक्तक प्रस्तुत गरेका थिए भने रीता लामिछाने, पारु भण्डारी, रामु पौडेल, सम्भना रेग्मीले मुक्तक वाचन गरेका थिए । यसैगरी स्रष्टा मोहन भण्डारी, केजार ढकाल, सुजन ढकाल, रामकुमार श्रेष्ठ 'फुच्चे', अजय अनमोल, शिव वराल, त्रुपक, रामजी प्रसाद आचार्य, हरि पन्त, गणेश पन्त, वसन्त पोखरेल 'विवश' लगायतले आ-आफ्ना मुक्तक वाचन गरेका थिए । कार्यक्रममा गराइएको जानकारी अनुसार आगामी फाल्गुन २ गते प्रणय दिवसको अवसर पारि लेखनाथकी नेशनल एफएमले प्रेमपत्र लेखन प्रतियोगिताको आयोजना गरेको छ ।

उक्त प्रतियोगितामा सहभागी हुनका लागि यहि माघ २८ गतेभित्र प्रेम पत्र लेखि पठाइसक्नुपर्ने बताइन्छ । पत्र लेखन संस्कृति हराउँदै गएको भन्दै नेशनल एफएमले उक्त संस्कृतिलाई पुनःताजकी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको केजार ढकालले जानकारी दिए ।

युवाको पहलमा प्रगतिटोलमा ट्रस्विन

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ माघ ।

पोखरा उप-महानगरपालिका वडा नं. ७ मा स्थित प्रगतिटोल युवा क्लवका युवाहरुले आफ्नै टोलको पोलमा फोहोर राख्ने वाल्टी (डस्टविन) राखेका छन । गत महिनामा सांस्कृतिक तथा लाईभ कन्सर्ट गरी प्राप्त रकमवाट आफ्नै टोलमा रहेको पोलहरुमा १० वटा फोहोर उठाउने वाल्टी राखेका हुन । उक्त वाल्टी राख्ने कार्यक्रम पोखरा-७, प्रगति टोल विकास संस्थाका अध्यक्ष प्रकाश घतीले वाल्टी पोलमा राखी कार्य सुरु गरेका थिए । उनले यस्तो कार्य गरेकोमा आफू र टोल विकास संस्था खुशी भएको बताए । उनले क्लवलाई एउटा वाल्टी र वाल्टी राख्ने हवाइगरको रकम आफुनो तर्फवाट उपलब्ध गराउने प्रतिवद्धता जनाए । समाजका युवाहरु परिचालन गर्दै आफनै टोलवाट नै शुरु गर्ने र मानव जातिको एकता आजको आवश्यकता भन्ने क्लवको मूल नाराका साथ अघि वढेको क्लवका उपाध्यक्ष आशिष भुजेलले बताए । फोहोर उठाउने कार्यक्रम व्यवस्थापन गर्नका लागि क्लवका सदस्य तेन्जी शेर्पा, कोषाध्यक्ष सुजन परियार र उपाध्यक्ष आशिष भुजेल गरी ३ जनाको समिति बनाईएको थियो ।

रेडक्रस पोखरा-७ को साधारणसभा

पोखरा २३ माघ ।

नेपाल रेडक्रस सोसाइटी पोखरा ७ उपशाखाको १२औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ । साधारणसभाको उद्घाटन गर्दै प्रमुख अतिथि नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीका उपसभापति डोलराज पाण्डेले पोखरा ७ उपशाखाले गरेका मानवीय कार्यहरुको प्रसंसा गर्दै यस उपशाखाले विपतिमा पर्केकाहरुको सहयोग एवं उद्धारको लागि सधै अगाडि वढेर मानवीय सहयोगको कार्य गर्दै आइरहेको बताए । कार्यक्रममा नेरुसो उपशाखा ७ का संस्थापक सभापति चुडामणि वराल, सल्लाहकार तेजनारायण अधिकारी, नेपाली कांग्रेस वडा इकाई सभापति नविनराज वराल, महिला विकासका लागि आमा समूहकी अध्यक्ष मेनका वराल लगायतले बोलेका थिए । उक्त अवसरमा उपशाखाका सचिव दामोदर वरालले सांगठानिक तथा कोषाध्यक्ष राममोहन आचार्यले वार्षिक आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा श्री कृष्ण माध्यमिक विद्यालयका गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति समेत प्रदान गरिएको थियो । उपशाखाका सभापति ठाकुर प्रसाद वरालको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

स्याङ्जाको सालडाँडामा आँखा शिविर

पोखरा २३ माघ ।(गोल्डेन)

स्याङ्जाको किचनास ९ सालडाँडामा शनिवार सम्पन्न निःशुल्क आँखा शिविरवाट ३ सय ५० जना लाभान्वित भएका छन् । लायन्स क्लव पोखरा माछापुच्छ्रे भिलेजका अध्यक्ष शिवराज आचार्यले बताए । भिलेजले स्थानीय मन्दिरचोक युवा क्लव संगको सहकार्यमा स्याङ्जाको किचनास ९ सालडाँडाको भोज पकाश उच्च मा.विको खेल मैदानमा शिविर आयोजना गरेको थियो । सालडाँडामा आयोजित शिविरमा १७ जनामा मोतिया विन्दुको समस्या पाइएको लायन्स क्लव पोखरा माछापुच्छ्रे भिलेजका अध्यक्ष शिवराज आचार्यले बताए । मोतियाविन्दु पहिचान भएका विरामीलाई हिमालय आँखा अस्पताल, पोखरामा निःशुल्क शल्यक्रियाको व्यवस्था मिलाइएको मन्दिर चोक युवा क्लवका अध्यक्ष लोकेन्द्र मानन्धरले जानकारी दिए । शिविरमा स्याङ्जाको किचनास, धोरपै, कोल्यावाहचौर र तनहुँको राईपुर गाविसका विरामीले सेवा लिएका थिए । शिविरमा निःशुल्क आँखा परीक्षणका साथै परामर्श, औषधि र चस्मा वितरणको सुविधा दिइएको भोज प्रकाश उच्च मा.विका प्राचार्य सुरज मानन्धरले जानकारी दिए ।

हार्दिक सम्वेदना



जन्म:
वि.स.: १९९७/०८/१३

स्वर्गारोहण
वि.स.२०७२/१०/१३ गते

स्व. खगिसरा थापा

हाम्रा अनन्य मित्र, पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयमा कार्यरत कर्मचारी श्री टोल भावा बापाज्यूकी ममतामयी माता खगीसरा बापा दुःखद निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छन् । उहाँको निधन भएको आज ९३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

पोखरा विश्वविद्यालय कर्मचारी संघ परिवार

हार्दिक सम्वेदना



जन्म:
वि.स.१९८०/०५/१२ गते

स्वर्गारोहण
वि.स.२०७२/१०/१३ गते

स्व. भक्तबहादुर रायमाझी

लायन्स क्लव अफ पोखरा पिस सिटीका निर्देशक लायन शैलेष रायमाझीका पुजनीय हजुरबुवा भक्तबहादुर रायमाझीको २०७२/१०/१३ गते दुःखद निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छन् । उहाँको निधन भएको यस दुःखद घडिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

लायन टकराज अधिकारी
अध्यक्ष एवं
लायन्स क्लव अफ पोखरा पिस सिटी परिवार

आदर्श समाजको रजतवर्षमा विविध गतिविधि

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ माघ ।

आदर्श समाज (सामाजिक) संस्था रानीपौवा, पुरानोधारा पोखरा-१२ ले आफ्नो स्थापनाको २४ औं रजत वर्ष २०७२ मनायो । समाजलाई लक्षित गरी विविधमूलक कार्यक्रम सम्पन्न गऱ्यो । जस अन्तर्गत पहिलो दिन समुदघाटन तथा वातावरण सम्बन्धी सचेतना कार्यक्रम जसको प्रमुख आतिथि गैर सरकारी संस्था महासंघ नेपाल कास्की शाखाका अध्यक्ष गोपाल खड्काले सम्पोने गरेको कार्यको प्रशंसा गरेका थिए । कार्यक्रमलाई पोखरा उपमहानगरपालिकाका वातावरण शाखाका अधिकृतले वातारण सम्बन्धी कार्यक्रमको सहजिकरण गरेका थिए । यसैगरी दोस्रो दिनको कार्यक्रम छात्रवृत्ति प्रदान कार्यक्रम साविक कृष्णि गाविस हाल पोउमनपा वडा नं. २४ मा रहेको बाल कल्याण प्रा.वि. का ४१ जना विद्यार्थीहरुलाई कोला, स्टेशनरी स्कुल ड्रेस तथा जेहेन्दार विद्यार्थीलाई नगद साथै विपन्न विद्यार्थीलाई नगद रकम उपलब्ध गराइएको थियो । त्यसैगरी तेस्रो दिनको कार्यक्रम निःशुल्क स्वास्थ्य परीक्षण सम्मान तथा समापन कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रमको प्रमुख अतिथिमा पोखरा उपमहानगर पालिका का कार्यकारी अधिकृत भलकराम अधिकारीले सामाजिक संस्थाले समाज लक्षित कार्यगर्दै जाँदा तल्लोतहमा सकारात्मक सन्देश जाने उल्लेख गरेका थिए । कार्यक्रममा २ सय जना भन्दा बढिले निःशुल्क स्वास्थ्य जाँच गरिएको थियो । साथै २४ औं रजत वर्ष २०७२ को अवसर पारी उक्त दिन यस संस्थाका स्थापक तर्थ समिति तथा पूर्व अध्यक्षहरुलाई सम्मान गरिएको थियो ।

सम्मानित हुनेमा संस्थापक अध्यक्ष भिमप्रसाद कोइराला संस्थापक उपाध्यक्ष रामप्रसाद कोइराला, संस्थापक सचिव ग्या.डा. देवनाथ शर्मा संस्थापक सदस्यिका शेषमणि कोइराला संस्थापक कार्यसमितिं सदस्यहरु टेकमाया कोइराला, जगन्नाथ कोइराला, टिकाराम कोइराला तथा पूर्व अध्यक्ष हेमनाथ कोइराला सूर्यनाथ कोइराला शम्भुराज वास्तोला, चन्द्रनाथ कोइराला, बसन्तराज कोइराला तथा कृष्णप्रसाद कोइराला आदर्श महिला समूहका संस्थापक अध्यक्ष लक्ष्मी कोइरालाले यस संस्थालाई यहाँसम्म ल्याउन पु-याएको योगदानको कदर गर्दै सम्मान पत्र प्रदान गरिएको थियो । शनिवार सम्पन्न भएको कार्यक्रममा स्वास्थ्य परीक्षणमा यस संस्थाका आजीवन सदस्य मुक्तिनाथ कोइराला तथा वासु कोइराला, गायत्री गौतमले विशेष सहयोग पु-याएका थिए ।

कार्यक्रमको अध्यक्षता अध्यक्ष शिव प्रसाद कोइरालाको सभापअध्यक्षता सम्पन्न भएको थियो भने स्वागत मन्तव्य संस्थाकी उपाध्यक्ष विजयलक्ष्मी कोइरालले व्यक्त गरेकी थिइन् । सो अवसरमा टोल विकास समन्वय समितिका बडा नं ११ का अध्यक्ष डिल्लीराम बास्तोला, संस्थाका संस्थापक उपाध्यक्ष रामप्रसाद कोइराला बडा सचिव भिमदेव शर्मा, लायन्स क्लब अफ पिन टाउनका अध्यक्ष श्रीमका शर्मा, संस्थाका पूर्व अध्यक्ष शम्भुराज बास्तोला, समाजसेवी टिकाराम बास्तोला लगायतले बोलेका थिए । कार्यक्रम सञ्चालन संस्थाकी सचिव लक्ष्मी कोइरालाले गरेकी थिइन ।

लेखनाथ जेसीजमा अभिमुखीकरण

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ माघ ।

लेखनाथ जेसिजको आयोजनामा ९ दिने अभिमुखिकरण तथा शाखा पदाधिकारी प्रशिक्षण कार्यक्रम शनिवार सम्पन्न भएको छ । करिब ४० जनाको सहभागिता रहेको कार्यक्रममा लेखनाथ जेसिजका पूर्व अध्यक्षहरु ऋषिराम जमरकट्टेल, नगेन्द्रराज वराल, नविन बास्तोला, लक्ष्मी प्रसाद त्रिपाठी , विनोद पुसाद लामिछाने लगायतले प्रशिक्षण गराएका थिए ।

लेखनाथ जेसिजका अध्यक्ष अर्जुन ओझाको सभापतित्वमा भएको कार्यक्रममा स्वागत मन्तव्य कार्यक्रम संयोजक रोशन अधिकारीले, धन्यवाद ज्ञापन रामचन्द्र गौतमले गर्नुका साथै कार्यक्रम सञ्चालन संस्थाका महासचिव सन्दिप ढुङ्गानाले गर्नेका थिए। २०५४ फाल्गुन ५ मा स्थापना भएको लेखनाथ जेसिजलें लेखनाथ क्षेत्रमा सामाजिक क्रियाकलापमा अग्रसर रहेको छ ।

ताल्ले पंगीला समाजको चेलीबेटी भेटघाट तथा सम्मान



गोल्डेन न्यूज संवाददाता
पोखरा २३ माघ ।

पर्वत भुकताइले स्थित ताइले पंगीलामा भाइ समाजले चेलीबेटी भेटघाट तथा सम्मान कार्यक्रम सम्पन्न गऱ्यो । समाजले नर्यावर्ग (प्रल्होछार) को अवसर पारेर प्रत्येक माघ महिनामा सम्पन्न गर्दै आएको भेटघाट तथा सम्मान कार्यक्रम शनिवार ताल्लेकोट समाज भवन पोखरा-१५ नर्यो गाउँमा आयोजना गरिएको थियो । कार्यक्रममा समाजका ८० वर्ष माथिका बाबाआमा, चेलीबेटी र ज्वाई, २०५७ सालमा स्थापित बलाइन्छ। २०७३ सालको एसएलसी, १० जोड दुई, बीबीएस उत्तीर्ण छोराछोरीलाई सम्मान गरेको थियो। सम्मान रामु तमुले पनि गरेकी थिइन ।

भर्खरै वैवाहिक जीवनमा प्रवेश गरेका किरण/ संमिक्षा गुरुङ दम्पतिलाई पनि बधाई शुभकामना जानकारी दिए ।

लेखनाथका निर्माण व्यवसायीलाई तालिम

पोखरा २३ माघ ।(गोल्डेन)

लेखनाथ नगरपालिकाका निर्माण व्यवसायीलाई व्यवस्थित भवन निर्माण सम्बन्धी तीन दिने तालिम शनिवारदेखि लेखनाथमा शुरु भएको छ। निर्माण व्यवसायी समिति लेखनाथको आयोजना तथा प्रगती इन्जिनियरिङ कन्सल्टेन्सी पोखराको व्यवस्थापनमा तालिमको शुभारंभ गरिएको हो । कार्यक्रममा बौन्दै लेखनाथ नगरपालिकाका इन्जिनियर जगन्नाथ कोइरालले गुणस्तरिय भवन निर्माणका लागि त्यसको लागतका विषयमा निर्माण व्यवसायीलाई जानकारी हुनु पर्नेमा जोड दिए । इन्जिनियर कोइरालले भवन निर्माणका सम्बन्धमा नयाँ मापदण्ड केही जटिल भए पनि त्यसले बलियो नगर निर्माणमा सहयोग पुग्ने उल्लेख गरे । उनले भवन निर्माण आचार संहिता भन्दा तलमाथि भवन निर्माण नगर्न व्यवसायीहरुलाई आग्रह गरे । कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मी प्रसाद त्रिपाठीले व्यवसायीहरुका विचमा भवन निर्माणको ठेक्का रकममा एकरुपता नहुँदा उपभोक्ता समस्यामा परेको उल्लेख गरे । उनले भवन निर्माणको ठेक्का संभौतामा दरमा एकरुपता गर्न आग्रह गरे । निर्माण व्यवसायी समिति पोखराका वरिष्ठ उपाध्यक्ष नारायण गुरुङले प्रविधिको जमाना भएकाले निर्माण व्यवसायीहरु त्यसमा अपडेट हुनु पर्नेमा जोड दिए । उनले भवन निर्माणको गुणस्तर र प्रविधि संगसगै आउने भएकाले त्यसमा ध्यान दिन आग्रह गरे । निर्माण व्यवसायी समिति लेखनाथका अध्यक्ष किशानसिंह गुरुङको अध्यक्षतामा भएको तालिम उद्घाटन कार्यक्रममा प्रशिक्षक इन्जिनियर देउकाजी गुरुङले तालिममा व्यवसायीहरुले भोगेका समस्या, समाधानका उपाय र निर्णय गर्न सिकाईने जानकारी दिए । कार्यक्रममा पत्रकार नवराज सापकोटा, निर्माण व्यवसायी समिति लेखनाथका संस्थापक अध्यक्ष कर्णबहादुर सुनार लगायतले तालिम प्रभावकारी हुनेमा विश्वास व्यक्त गरेका थिए । कार्यक्रमको संचालन समितिका सचिव रामबहादुर गुरुङले गरेका थिए ।

खानेपानी मुहानको अवलोकन

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ माघ ।

लेखनाथ साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको अवलोकन भ्रमण शनिवार सम्पन्न भएको छ । खानेपानी प्रविधि सञ्चालन र हाल महानको अवस्था बारेमा जानकारी लिनका लागि संस्थाको पदाधिकारी, विभिन्न संस्थाको प्रतिनिधि सहित ३५ जनाको सहभागिता रहेको थियो ।

खानेपानी सुधार योजनाका संयोजक शारदा बास्तोलाको नेतृत्वमा निस्केका टोलिले गिउजे खोलाको महानको अवस्था र खानेपानीमा शुद्धताको अवस्था बारेमा जानकारी लिनका अवलोकन भ्रमण गरिएको लेखनाथ शहरी खानेपानी संस्थाका इन्जिनियर शिव अमात्यले जानकारी दिए । भावी दिनमा लेखनाथ साना सहरी खानेपानीलाई अझ कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने बारेमा आपसी छलफल कार्यक्रम समेत गरिएको थियो ।

संस्थाका अध्यक्ष बोधराज लामिछानेले लेखनाथको समुर्ण भू.भागहरुमा खानेपानी सञ्चालनको लागि कसरी अगाडि बढुन सकिन्छ भन्ने बारेमा आपसी योजनाहरु तर्जुमा गरिहेको जानकारी गराएका थिए ।

हाल लेखनाथ साना सहरी खानेपानील संस्थाले आफना उपभोक्ताहरुलाई खानेपानीको महसुल भुक्तानी सहज होस भनि लेखनाथका विभिन्न ७५ वटा इसेवा जोन तथा प्वाईन्टहरु मार्फत महसुल भुक्तानीको व्यवस्था गरिदै आएको छ । जसबाट उपभोक्ताहरु लाभन्वीत भएका संस्थामा कार्यरत कर्मचारीले बताएका छन महिला खानेपानीकी महसुल बुझाउन घुईचो लाग्ने गरेपनि अहिले कमि हुदै गएको बताएका छन ।

लेखनाथ साना शहरी खानेपानी संस्थाले मुहानको अवस्था र प्रभावकारी कार्यका लागि अवलोकन भ्रमण गरिदै आएको लेखनाथ क्षेत्र नं २ का संयोजक रामकृष्ण जिसीले जानकारी दिए ।

कुष्ठरोग संघको साधारणसभा

पोखरा २३ माघ ।

नेपाल कुष्ठरोग निवारण संघ पोखरा शाखाको २४औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भयो । शाखा सभापति नारायण शर्माको अध्यक्षतामा भएको कार्यक्रममले वार्षिक, आर्थिक र आगामी वर्षको भावी रणनीति सहितको प्रतिवेदनलाई पारित गरेको छ । संघले पोखराका ३० परिवारलाई पुनःस्थापना गर्नुका साथै पोखरा-१५ टुट्टुङ आरोग्य आश्रममा रहेका १२ जना कुष्ठरोगीहरुलाई सबै सुविधासहित सेवा प्रदान गर्दै आइरहेको छ । कार्यक्रममा उपसभापति सुवाष तम्रेया, सचिव मुक्तिराम शर्मा, कोषाध्यक्ष योगराज पौडेल लगायतले बोलेका थिए ।

पसल विक्रीमा

पोखरा चिप्लेढुंगाको मुख्य सडकस्थित अति चालु अवस्थामा रहेको पसल तुरुन्त बिक्रीमा छ। विशेषगरि मोवाइल, ट्राभल्स एजेन्सी कस्मेटिक, बुटिक, कपडाको भोलुम बेशिशमा व्यवसाय गर्न सकिने उपयुक्त ठाउँ ।

सम्पर्क : ४८०४१ ४४४००

तु:अवश्यकता

मार्केटिङ अफिसर : १ जना
सेल्स मेन : २ जना
एकाउण्टेन्ट : १ जना
ड्राइभर : २ जना
इच्छुक र योग्य व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क : टुडेज्ड मिनरल वाटर लि.एम स्वीमिङ पुल, तेर्साेपाटी, पोखरा

तु:अवश्यकता

एकाउन्टेन्ट क्वालिफाइड : ४/ ५ जना
रिसेप्सनिष्ट डिप्लिमा : ४ जना
मसर्टेजरी टिचर(स्याफुल) : ४ जना
मोबाइल एसाए/आईए सहेरुन (लोएलमेा) ४
फोरजीडिप्लोमा मेसटल (लोएलमेा) ५ जना
सहायारी मार्केटिङ : ३ जना
स्याफुरी वा लार्इसन्स भएको लेडिज ५ जना
हाम्रो स्याफ्हरुलाई पोखरामा आफ्नै सम्पुर्ण व्यवस्था काम र सम्मान उपलब्ध गराउछौं ।
रहस्या सम्पदरेन्टी, ह्युजेछ, पोखरा
०६१-४२६४७, २२८७८, ४८४१६६४८०

तु:अवश्यकता

पोखराको मोल्ड्फुलमा रहेको कोशेली प्रकाशन पुस्तक पसलका लागि केही पुरुष कर्मचारी आवश्यक परेको हुनाले एसएलसी उत्तीर्ण/+२ वा सो सरह र मोटरसाइकल चलाउन जान्ने इच्छुक र इमान्दार व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।
कोशेली प्रकाशन,महेन्द्रपुल, पोखरा
०६१-५२०६४४

तु:अवश्यकता

पोखरा चिप्लेढुङ्गामा रहेको आर्थिक्र म्यालरीका लागि केही सेल्स गर्ल आवश्यक परेकोले आकर्षक व्यक्तिले सम्पर्क गर्नुहोला ।
योग्यता : एसएलसी उत्तीर्ण
तलब : आपसी समझदारीमा
आर्थिक्र म्यालरी, चिप्लेढुङ्गा, पोखरा
फोन : ०६१-५२३०५८

बैंक ब्यालेन्स

बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

वाया, पोतो र डण्डिफोर Bye Bye

वाया, पोतो, डण्डिफोर र मक्खियालाई एक हप्तामा नै हटाइलुका साथै ओरोपना बढाउने
सोमना मोटोपन घटाउने र बढाउने पनि ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपालेलाई ५ मिनेटमा नै कालो बनाउने
मोहिनामा मे १-३ इन्च हाइट बढाउने Step-Up.
घाउचरिपना हटाउने
पिम्पलका लागि सफल उपचार । Skin Test गरिनछ ।
म्याद्रिक उपचार
Breast घटाउने बढाउने..पेटमा भएको सेतो धर्सा हटाउने ।
थाई नदिई जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।
बिहानी ब्यूटी डेन्टर्स
चिप्लेढुङ्गा, पोखरा-४, फोन: ४८०४६५४४९८८, ०६१-५२७४५४७
(माथि इम्पोरियमको ज्वाईंट ठा कमतलेमा मात्रै दुई पर तल)

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईम्पायराका साथै सिपेकको समस्या साधान , बाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०९६४, मो. ९८४६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

जीवन के.सी.

मो. ९८४६० ३८०६६
९८०६६ ४०८८७

पञ्चमुखी लक्ष्मी सप्लायर्स

हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८
विवाह, व्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी वाहिएमा हामीलाई सम्झनुहोस् ।

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा दुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

प्रो. वद्री के.सी. : ४८५६०२५८४६
प्रो. गोपाल बहादुर कार्की : ४८५६०३१८७२
प्रो. राजेश के.सी. : ४८५६०३७३९७

इन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi का Spark, Middle East, Star र Al Jaber Coin इण्ड र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस श्री.सि.आइ अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गाई तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु सञ्चालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :-
तयारी कक्षा सञ्चालन मितिहरु देखेको छ ।
•सत्प्रतिशत उत्तीर्ण गराउने सफल •आफ्नै मेसपावर कम्पनीबाट प्रशिक्षण गराइने ।
•१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गाईंया पास गराउन सफल
सम्पर्क : फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचौकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेस कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५२०२१, मो. ९८४५०-४१४१२

खुशीको खबर !



के तपाईलाई लागीभागी भई ठेक्दैमा गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गढ्डी पार लगाउने देवी हुनुहुन्छ । साथै टाढ टाढै दुखेको, बाथ, शुकी, बाँझोपन हटाउने, ग्याष्ट्रिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिलाबारी भएको ७ दिन र जुठो परेको १ वर्षभित्रमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (सिस्वाचोक प्रतिष्ठालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ४८४६२८५४५४

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, आँसमा पानी आउने, भोलिल हुकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
पेट समस्या: लिङ्ग स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्खलन हाेछ जस्तो सुकै पेट समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिलामारी मासुबढी, सेतोपानी बग्ने, योनी चिलाउने, नस्सी पेट हाड कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, पीठ छातालामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता :- काली घाबाे पोतो, ड्रपिङ्गफोर, झुल पथ्था, मस्सिया, काटी, घाउचरिपना हटाई पुरै शरिर गोरो बनाउने ।
तुरुन्तै पाताली पौरुषत्व फर्काउने जडिबुटी पनि पाइन्छ ।
थप उपचार :- ऐसर, सुजर, ज्रण्डिस, पिसास, पाइल्स, इम साबि हाथ, हाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
चित्तल आयुर्वेद पसंल
पृथ्वीचौक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३९८६७, ०६-१२३४५४८, मो. ९८४६१३७४९८

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर

Abudhabi का Spark Middle East Star Skill Force UAE का BPS कम्पनी Group-4 कम्पनी, कतार कम्पनीमा Diplomatic सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु सञ्चालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
तयारी कक्षा छिट्टाछ
सम्पर्क
आर्मोर ग्रुप सेक्युरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
एवं
फिस ल्याण्डर इम्प्लोइमेन्ट सर्भिस प्रा.लि
पृथ्वीचौकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
न्यूरोड, पोखरा

पोखरामा पहिलो पटक

- तौलढुंके : लिङ्को साइज, पावर बढाउन, लिङ्ग स्खलन रोक्न, विभ्र विच्चात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, सुनाइ कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन सय अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Builde घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट खैनी, गाँजा तथा कुरुस छुटाउने।
- दौड तथा जोर्नी दुखाई ठिक पार्ने, सस्तो शुल्क पेनलिल।

Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भोटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

सहारा एकेडेमीको अक्षयकोषमा रकम थपिँदै

गोल्डेन न्युज संवाददाता
पोखरा २३ माघ ।

सहारा एकेडेमीलाई दिगो रुपमा संचालनका लागि स्थापित 'सहारा एकेडेमी अक्षयकोष'मा रकम थपिनेक्रम जारी रहेको छ । पोखरामा हालै सम्पन्न भएको १४ औं आहा रारा गोल्डकपको अवसरपारि विभिन्न दाताहरुले १३ लाख रुपैयाँ अक्षयकोषका लागि सहयोग गरेका छन् । सहाराका सल्लाहकार एवं एन्फा केन्द्रिय उपमहासचिव गणेशबहादुर भट्टराई तथा पर्यटन व्यवसायी रामचन्द्र भट्टराईले आफ्ना पिता रत्नबहादुर भट्टराईको स्मृतिमा १ लाख ११ हजार १ सय २५ रुपैया सहयोग गरेका छन् । त्यसै गरी संस्थापक सल्लाहकार प्रेम बहादुर जि.सी.ले १ लाख १ हजार, कलवका सदस्यद्वय नवल लालचन र पार्वती लालचनबाट १ लाख १ हजार, पूर्व राष्ट्रिय खेलकुद विकास समितिका केन्द्रिय सदस्य राजेश गुरुङ/छोरा वृद्ध गुरुङबाट ५१ हजार, दिपेन्द्र काकीले आफ्ना पिता नरबहादुर काकीको स्मृतिमा पुत्र १५ हजार १५, लेखनाथ न.पा.बेगनासताल निवासी राजुमाया थकाली/रन प्रसाद थकालीका छोरा सुमन थकालीबाट १० हजार ५ सय २५, ममता/निर्मिता थकालीबाट २० हजार ५० रुपैयाँ, धर्मेद्र बराल र


तस्वीर सहयोग : सुदर्शन रुजित

विराट बराल रत्नचोकबाट १५ हजार ५ सय ५५ रुपैयाँ सहयोग प्राप्त भएको सहारा क्लब पोखरालेे जनाएको छ ।

यसैगरी सहारा यु.के.का संयोजक ओम प्रकाश गुरुङ ५० हजार, मिन राना (यु.के.) १ लाख १ हजार, वे.जस बहादुर गुरुङ ५० हजार, क्या.प्रेम बहादुर गुरुङ ५० हजार, ठाकुर गुरुङ (यु.के.)५१ हजार, ओम प्रसाद गुरुङ (जापान) यु.के.५१ हजार, कोल प्रसाद गुरुङबाट १० हजार रुपैयाँ आर्थिक सहयोग अक्षयकोषका लागि प्राप्त भएको छ । त्यस्तै सहारा यु.के.का संस्थापक अध्यक्ष नवीन गुरुङबाट सहारा एकेडेमी परिसरमा एँडिएसस जडानका निम्ति २० हजार रुपैयाँ प्राप्त भएको छ भने इन्डियन गोर्खा विशेष फुटबल टीम बाट ५० हजार रुपैयाँ सहयोग रकम प्राप्त भएको क्लबले जनाएको छ ।

त्यस्तै स्याङ्जा जिल्ला ओरस्टे गा.वि.स.बडा न.२ मटाँकिना, सरगाघर बाचाआमा,डाडुभाई,विदि बहिनीहरु, छोरी स्वाई समेतबाट क्रमशः दिलबहादुर गुरुङ/लक्ष्मी गुरुङ १ लाख १ हजार, नर बहादुर गुरुङ/छोरा लोकबहादुर गुरुङ १ लाख १ सय, गिर प्रसाद गुरुङ-देव कुमारी गुरुङ ५१ हजार,तुल बहादुर गुरुङ/स्वि कुमारी गुरुङ ५१ हजार, शमिला गुरुङ/विराज गुरुङ ५१ हजार, प्रदिप/सुमित्रा(सानु) गुरुङ १ लाख १ सय, भनक बहादुर गुरुङ/चित्र कुमारी गुरुङ १ लाख १ सय रुपैयाँ गरी एकमुष्ट ५ लाख ५५ हजार ५ सय ५५ सहारा यु.के.का अध्यक्ष विलिप कुमार गुरुङ र सल्लाहकार चन्द्र बहादुर गुरुङ समेतको समन्वयबाट सकलित उक्त रकम क्लबका अध्यक्ष वीरभद्र आचार्यलाई हस्तान्तरण गरिएको थियो । सहारा क्लब पोखराद्वारा सञ्चालित कठिन परिस्थिति र विपन्न वर्गका बालकहरु सम्मिलित १५ जिल्लाका २५ जना बालकहरुको आवश्यस्पर्श सहारा एकेडेमीलाई निरन्तरता दिने उद्देश्य अनुरुप गठित अक्षय कोषमा हालसम्म करिब ७० लाख भन्दा बढी संकलन भएको क्लबका अध्यक्ष आचार्यले जनाए ।

करिब २ करोड रुपैयाँको अक्षयकोष बनाउने सहारा क्लबको लक्ष्य छ । सहाराले पछिल्ला वर्षहरुमा आर्थिक अभाव जना गरेको आहाराररा गोल्डकपबाट प्राप्त आम्दानीलाई पनि एकेडेमीमै खर्च गर्दै आएको छ ।

जिल्लास्तीय लिग फुटबल प्रतियोगिता सुरु

गोल्डेन न्युज संवाददाता
पोखरा २३ माघ ।

कास्की जिल्ला फुटबल संघको आयोजनामा शनिबारदेखि पोखरामा बलराम केसी स्मृति रेडबुल जिल्लास्तीय लिग फुटबल प्रतियोगिता सुरु भएको छ । शनिबार भाेकाे उद्घाटन खेलमा सहारा क्लब पोखरा र विण्णुपादुका क्लब हेमजा बीचको खेल एक-एक गोलको बराबरीमा टुङ्गिएको छ । विण्णुपादुका तर्फबाट अशोक नेपालीले एक गोल गरे भने सहाराका लागी तोरण गुरुङले गोल गरे । त्यस्तै अर्को खेलमा डेभिटफल क्लबले भ्याली स्पोर्टस क्लबलाई २-१ ले पराजित गरयो । डेभिटफलको जीतमा वेद थापा र राजुले एक एक गोल गरे भने भ्यालीको तर्फबाट विवेक गुरुङले एक गोल गरे ।

यसअघि प्रतियोगिताको उद्घाटन अघिल्ल नेपाल फुटबल संघका उपाध्यक्ष मणि कुर्मीले गरे । प्रतियोगिताको उद्घाटन एन्फा कास्की अध्यक्ष धरमबहादुर लामिछानेको अध्यक्षतामा भएको थियो भने संचालन सदस्य रामकृष्ण गोखालीले गरेका थिए ।

यहि माघ २९ गते सम्म संचालन हुने प्रतियोगिता कास्कीमा रहेका १६ क्लबले सहभागीता जनाएका छन् । प्रतियोगिता टिमहरुलाई चार समूहमा विभाजन गरिएको । जस अनुसार समूह क समूहमा भ्याली स्पोर्टस, गाडेन फुटबल क्लब, नवआदेश क्लब, डेभिड फल्स छन भने समूह ख मा एलजी एशोसिएसन, विण्णुपादुका फुटबल क्लब, इन्द्रेणी एकीकृत, सहारा फुटबल क्लब छन् ।

त्यस्तै समूह ग मा ड्यामसाईड युवा क्लब, संगम फुटबल क्लब, आदेश युवा क्लब/ भण्डाडिक्र र हेमजा युनाइटेड छन भने समूह घ मा सत्य युवा क्लब, नागडुङगा युवा क्लब, नर्याङाउ युवा क्लब र डिकुर पोखरी युवा संचाल रहेका छन् । प्रतियोगिता अन्तगत आइतवार गाडेन विरुद्ध नवआदेश, एलजी विरुद्ध इन्द्रेणी क्लबबीच प्रतिस्पर्धा हुने एन्फा कास्कीले जनाएको छ ।

साफ गेममा नेपालले भुटानको सामना गर्दै

गोल्डेन न्युज संवाददाता
पोखरा २३ माघ ।

१२औं दक्षिण एसियाली साग खेलकूद प्रतियोगिता अन्तर्गत आइतवार पुरुष फुटबल प्रतियोगितामा नेपालले भुटानसंग प्रतिस्पर्धा गर्दै छ । दुई साताअघि बंगलादेशमा बंगबन्धु गोल्ड कपको उपाधि जितेको नेपाली टोली फेरी अर्को उपाधि जित्ने आशासहित आइतवार प्रतिष्पर्धा गर्न लागेको हो । १२औं साग खेलकूद प्रतियोगितामा आईतवार गुवाहाटी स्थित नेहरु रंगशालामा नेपालले भुटानसंग प्रतिस्पर्धा गर्दै छ । २१ वर्षअघि बंगलादेशमा फुटबलमा गोल्ड मेडल जितेकेहि अलिसम्म नेपाल गोल्ड मेडल विहिन छ । केही साताअघि बंगबन्धु गोल्ड कप फुटबलको उपाधि जितेकी नेपाली टोली उच्च मनोबलका साथ मैदानमा उत्रिनेछ । नेपाली टोलीका प्रशिक्षक राजकाजी शाक्य पनि भुटानलाई पराजित गर्दै सुखद सुरुवातका साथ सेमिफाइनलमा प्रवेश गर्ने दावी गर्छन् ।

समूह बि मा रहेको नेपालले भुटानलाई पराजित गर्न सके सेमिफाइनलमा पुग्नेछ । त्यसकारण पनि नेपालका लागि भुटानसंगको खेल फाइनल सरह भाको खेलाडीको भनाई छ । नेपालले ११ तारिखमा बंलादेशसंग प्रतिस्पर्धा गर्दै छ ।

यसैबीच भारतमा जारी दक्षिण एसियाली खेलकूद (साग)मा नेपालका लागि पहिलो रजत पदक दिदाउने विकास थापा यतिबेला दइ छन् । भारतोलनको ६२ केजी समूहमा रजत दिलाएका उनी अपेक्षित जित हात पारेपछि दइ भएका हुन् । पाँच पटकसम्म अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिसकेका विकासले आफूले धेरै मेहनत गरेकाले जित हात पारेको बताए । यसअघि ११ औं दक्षिण एशियाली खेलकूदमा चौथो भएका उनी दक्षिण एसियाली भारतोलन प्रतियोगितामा क्रमशः चौथो भएका थिए । करिब १० वर्षदेखि भारतोलन खेल खेल्दै आएका उनलें मेहनत अनुसारको फल मिलेको प्रतिक्रिया दिए । उनले भने,-"१९औं सागमा चौथो भएपनि लगातार मेहनत गर्न छाडेको थिइन, प्रशिक्षक र मेरो कहा मेहनतको फल अहिले मिलेको छ, म अत्यन्ती खुशी छु।'

यता, महिला भलिवलमा नेपाल सेमी फाइनलमा प्रवेश गरेको छ । शनिवार हुने भनिएको खेलमा प्रतिद्वन्द्वी अफगानिस्तान सहभागी नभएपछि नेपालले बाकओभर पाउदै सेमी फाइनलमा प्रवेश गरेको हो । पुरुष भलिवलमा भने नेपाल प्रतियोगिताबाट बाहिरिएको छ । शनिवार भाेको खेलमा भारतसंग १५-२५, १६-२५ र १५-२५ को सोझो सेटमा नेपाल पराजित भएपछि प्रतियोगिताबाटै बाहिरिएको हो ।

तीनसय १७ जनाको नि:शुल्क मधुमेह परीक्षण



गोल्डेन न्युज संवाददाता
पोखरा २३ माघ ।

युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल) र रोटरी क्लब अफ पोखरा अन्नपूर्णले आयोजनामा शनिवार भएको नि:शुल्क मधुमेह परीक्षण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा तीन सय १७ जनाले मधुमेह परीक्षण गरेका थिए ।

पोखराको पार्दीस्थित सञ्चयकोष आवास उपभोक्ता समिति, सञ्चय कोष टोल विकास संस्था, परावृत्ति युवा क्लब र सञ्चयकोष आवास खेलकूद तथा सांस्कृतिक समितिको सहयोगमा उक्त कार्यक्रम सम्पन्न भएको हो । रोटरी क्लब अफ पोखरा अन्नपूर्णको १०औं वार्षिकोत्सवको अवसर पारेर आयोजित कार्यक्रममा मधुमेह, थाइराइड तथा हर्मोन रोग विशेषज्ञ डा. तीर्थलाल उपाध्यायले कम व्यायम, खानपिनमा लापरवाही र मानसिक तनावले मधुमेह बढ्नेको बताए। उनले नेपालमा करिब ६ लाख मधुमेहका विरामी रहेको उल्लेख गर्दै यसलाई न्यूनीकरण गर्न सबै सचेत हुनु पर्ने उल्लेख गरे।

युआरएलका प्रवन्ध निर्देशक ठाकुरप्रसाद पन्तले युआरएलले हालसम्म १६ निःशुल्क सिविर गरी करिब साढे छ हजारलाई निःशुल्क सेवा दिएको बताए। उनले सामाजिक उत्तरदायित्व निर्वाह गर्दै भविष्यमा पनि यस खालका प्रयासलाई निरन्तरता दिइने जानकारी दिए।

मधुमेही समाज कास्कीका अध्यक्ष कृष्णप्रसाद बरालले युआरएललगायत केहीले मधुमेहका विरामीलाई विशेष छुट दिने निर्णय गरेको जानकारी दिए। रोटरी क्लब अफ पोखरा अन्नपूर्णका अध्यक्ष कल्याण कार्कीवर्यको अध्यक्षतामा भएको कार्यक्रममा धन्यवाद ज्ञापन उपाध्यक्ष बाबुराम बराल र सञ्चालन सचिव देवेन्द्र वास्तोलले गरेका थिए।

बस दुर्घटनामा ११ जनाको मृत्यु

गोल्डेन न्युज संवाददाता
नुवाकोट २३ माघ ।

नुवाकोटको मदानपुरमा शनिवार माइक्रोवस दुर्घटना हुँदा ११ जनाको मृत्यु भएको छ। ८ जनाको घटनास्थल र ३ जनाको उपचारको क्रममा राजधानीको अस्पतालमा मृत्यु भएको हो । दुर्घटनामा १२ जना घाईते भएका छन् । विहामा गएका विदुर स्थित सैन्य तालिम केन्द्रमा तालीमरत सिनं ६४ र ६५ मा कार्यरत सिपाईहरु लिएर आएको माईक्रोवस विदुर देखी ३४ किलोमिटर मदानपुरको केउरीनी भिरबाट तल खसी दुर्घटना भएको हो ।

काठमाण्डौबाट त्रिशुली तर्फ आईरहेको वा १ ज ७८८३ नम्बरको माईक्रोवस पासाङ ल्हामुमार्गको मदानपुर ८ स्थित केउरीनीमा दुर्घटना हुँदा उनीहरुको मृत्यु भएको हो । पहरी नायव उपरीक्षक सिद्धिविक्रम शाहका अनुसार राजधानी लगिएका घाईते मध्ये २ जनाको वीर र १० जनाको छाउनीमा उपचार भईरहेको छ । सनाखत भएका ५ मध्य ४ जना नेपाली सेनाका तालिमरत प्यूठ रहेका छन् ।

पद्म नर्सिङ होम कर्मचारी युनियनमा पौडेल



गोल्डेन न्युज संवाददाता
पोखरा २३ माघ ।

नेपाल स्वास्थ्यकर्मी तथा कर्मचारी युनियन पद्म नर्सिङ होमको अध्यक्षमा पुन : जितेन्द्र पौडेल चयन भएको छन । शनिवार सम्पन्न युनियनको छैठौं साधारण सभा तथा तेश्रो अधिवेशनले पौडेललाई सर्वसम्मत अध्यक्षमा श्रीष्ठ र गंगा थापालाई चयन गरिएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि पद्म नर्सिङ होमका प्रवन्ध निर्देशक डा.कालु शर्माले कर्मचारीले नै संस्था चल्ने बताउदै कर्मचारी संग सहकार्य गरेर अगाडि बढ्न संस्था तयार रहेको जानकारी दिए। कर्मचारीकै कारणले पोखरामा रेजी अस्पतालहरु मध्ये पद्म नर्सिङ होम अग्र पंक्तिमा रहेको बताउदै आगामी दिनमा पनि सहकार्य गरेर अगाडि बढ्न युनियनलाई आग्रह गरे । पद्म नर्सिङ होमका शेयर सदस्य जगत बहादुर खड्काले युनियनले स्थापना कालदौंबनै नर्सिङ होमका हरेक समस्या समाधानमा सहकार्य गर्दै आएको बताउदै नया कमिटी पनि त्यस तर्फ लाग्नुपर्नेमा जोड दिए ।

युनियनका अध्यक्ष जितेन्द्र पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा डा.सुमिरन श्रेष्ठ, मेट्रोन रजनी पालिखे, प्रशासन अधिकृत नरेश पौडेल, सल्लाहकार लक्ष्मी कुंवर लगायतले बोलेका थिए । कार्यक्रमको सञ्चालन युनियनका सचिव कृष्ण आचार्यले गरेका थिए ।

विद्युत प्राधिकरण कर्मचारी युनियनमा पौडेल

पोखरा २३ माघ ।(गोल्डेन)

नेपाल विद्युत प्राधिकरण कर्मचारी युनियन, पोखरा ग्रिड शाखाको इकाई अधिवेशन शनिवार कुंडहरुमा सम्पन्न भएको छ । वासुदेव अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सहजिकरण खिमलाल पौडेलले गरेका थिए भने स्वागत मन्तव्य कोपिल पौडेलले दिएका थिए । अधिवेशनले कोपिल पौडेललाई सर्वसम्मत अध्यक्षमा चयन गरेको छ । समितिको उपाध्यक्षमा भुपाल गुरुङ, सचिवमा प्रकाश काफ्ले र कोषाध्यक्षमा राम बहादुर प्रधान र सदस्यहरुमा लक्ष्मण ज्ञवाली, योगेन्द्र चौधरी, टील गिरी, प्रेम कुमार राइ , भुपाल थारु, प्रकाश लुङगे तथा क्षेत्रीय प्रतिनिधिहरुमा खिमलाल पौडेल, वासुदेव अधिकारी रहेका छन् । कार्यक्रमलाई सम्बोधन गर्दै पमुख अतिथि



युनियनका केन्द्रिय सल्लाहकार राम प्रसाद खनालले प्राधिकरण भित्र युनियनले गरेका गतिविधि तथा उपलब्धि माथि प्रकाश पारेका थिए । उनले कर्मचारीहरुलाई मार्ग निर्देशन गरी प्राधिकरणलाई उन्नति तर्फ लैजानुपर्नेमा जोड दिए ।

कार्यक्रममा क्षेत्रीय अध्यक्ष नारायण पन्थी, केन्द्रिय सदस्य डिल्लीराम गिरी लगायतले कर्मचारीहरुको हक हित तथा प्राधिकरणको सुदृढीकरणमा काम गर्दै आईरहेको युनियनले अवका दिनहरुमा पनि सोही कार्य जारी राख्ने जानकारी गराएका थिए । उनीहरुले अब देशलाई लोडसेडिङ मुक्त गराउन सम्पूर्ण क्षेत्रबाट पहल गनुपर्नेमा जोड दिएका थिए । प्रकाश काफ्ले लगायतका सष्टाहरुले गजल वाचन गरी कार्यक्रमको रौनक बढाए । नयाँ पदाधिकारीहरुले कर्मचारी युनियनको नियम र कर्मचारीको अनुशासन भित्र बसी काम गर्ने दृढता व्यक्त गरेका थिए ।

कास्कीमा आजदेखि दादुरा रुबेला खोप अभियान

पोखरा २३ माघ ।(गोल्डेन)

खोपको नियमित कार्यक्रम अन्तर्गत कास्कीमा दादुरा रुबेला खोप अभियान माघको २४ गते (आइतवार) बाट सुरु हुने भएको छ । आइतवारबाट बाट २ चरणमा उक्त अभियान संञ्चालन हुने भएको पोखरामा एक कार्यक्रम गरि जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीले जानकारी दिएको हो । पहिलो चरणमा आइतवारदेखि फागुन ४ गतेसम्म पोखरा उप-महानगरपालिकाका विभिन्न वडाहरुमा खोप अभियान संचालन हुने जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीका खोप अधिकृत एक नारायण न्यौपानेले जानकारी दिए । यस्तै अभियानको दोश्रो चरणको खोप अभियान फागुन ६ गते देखि १६ गतेसम्म संचालन हुने भएको छ । आइतवारबाट बाट २ चरणमा उक्त अभियान संञ्चालन हुने भएको पोखरामा एक कार्यक्रम गरि जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीले जानकारी दिएको हो । पहिलो चरणमा आइतवारदेखि फागुन ४ गतेसम्म पोखरा उप-महानगरपालिकाका विभिन्न वडाहरुमा खोप अभियान संचालन हुने भएको छ ।

सबैभन्दा छिटो सर्ने सरुवारोगको नामले चिनिने दादुरा रोग कुनै टुटेका व्यक्तिबाट सबैमा महामारीका रुपमा फैलिनसक्ने भएकाले नेपाल सरकारले चारचार वर्षको फरकमा यो खोप लगाउने गरेको जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख सागर प्रसाद घिमिरेले जानकारी दिए ।

दादुरा रुबेला खोपबाट बच्ने एकमात्र उपाय दादुरा रुबेला खोप भएकाले सबैले नछुटाएर खोप लाउनुपर्ने जिल्ला स्वास्थ्य कार्यालयको भनाई छ ।

च्याण्डम रिडर्समा उपन्यास पहेँलो घाममाथि चर्चा

पोखरा २३ माघ ।(गोल्डेन)

उपन्यासकार विष्णु भण्डारीको आठौं कृति तथा पहिलो उपन्यास 'पहेँलो घाम' माथि पोखरामा शनिवार चर्चा भएको छ । च्याण्डम रिडर्स सोसाइटी अफ नेपालको मासिक पुस्तक परिचर्चाको ६० औं श्रृङ्खलामा उपन्यासको चर्चा गर्दै युवा लेखक दीपक परागुलीले कृति संक्षिप्तकालिन नेपाली राजनीतिक इतिहासको महत्वपूर्ण दस्तावेज भएको बताए । माओवादी जनयुद्धको प्रत्यक्षदृष्टि अवोध्य ठहरिएका लडाकुमाथि लेखिएको उपन्यासले त्यसपछि लडाकूहरुको सामाजिक-राजनीतिक जीवनमा के कस्ता उतारचढाव आए भन्ने बुझ्न सघाउने परागुलीको दावी थियो । उपन्यासमा माओवादी शान्ति प्रक्रियामा आएपछिको निर्मम समीक्षा गरिएको भन्दै समीक्षक परागुलीले समीक्षाका क्रममा उपन्यासकार भण्डारीले वस्तु सत्य प्रस्तुत गरेर पाठकप्रति न्याय गरेको बताए ।

सोसाइटीमा अध्यक्ष उपेन्द्र पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा उपन्यासकार भण्डारीले प्रगतिवादी खेमाका लेखकहरुले प्रेम, यौन, स्वर्ग, भगवान् जस्ता शब्दको प्रयोग गर्ने नहुने परम्परागत मान्यताप्रति असन्तुष्टि राखे । कम्युनिष्ट पार्टीका नेताहरुले जुन आदर्श चरित्र देखाउनुपर्ने हो, त्यस्तो नभएको भन्दै उनले नेताहरुको विलासी जीवनशैलीले माओवादीलाई पहेँलो घाम' बनाउँदै लगेको दावी गरे । माओवादी नेताहरुले 'दरबार' लछेडेसम्म पहेँ माथि नजारे जिकिर गर्दै उनले नामै तोकेर ल्याकोल लामा र सूर्य सेन ओलीहरु पार्टीलाई प्रिय लागेसम्म इमानदार कार्यकर्ता सधैं 'अयोग्य' नै ठहारिने बताए । साहित्यमा विचार मात्र धपाेरेर नहुने भन्दै कला पक्षलाई पनि आफूले उत्तिकै महत्त्व दिने गरेको उनको भनाइ थियो । कार्यक्रममा कवि प्रधाले आफू कविता बढी मन पराउने पाठक भए पनि भण्डारीको 'पहेँलो घाम'ले भने निकै प्रभाव पारेको बताउनुभयो । कार्यक्रममा सुरेश रानाभाट, अजय अनमोल, डा. कृष्णराज अधिकारी, सरस्वती प्रतीक्षा, भीम रानाभाट, अमृत सुवेदी, राजेन्द्र पौडेल, गनेस पौडेललगायतले टिप्पणी गरेका थिए । सचिव संरिन्द्र प्रभावीको सञ्चालनमा भएको कार्यक्रममा परिचर्चा गर्ने बताइन । सोसाइटीले हरेक महिनाको अन्तिम शनिवार कुनै पुस्तक वा विषयवस्तुमाथि परिचर्चा गर्दै आएको सदस्य सुरज कारखाना'माथि अर्चना थापाले पुस्तक छनोट सोमितिकी संयोजक सरस्वती प्रतीक्षाले आगामी फागुन २९ गते शनिवार सरिता तिवारीकी कविता सङ्ग्रह 'पश्नहरुको कारखाना'माथि अर्चना थापाले परिचर्चा गर्ने जानकारी दिए ।

हार्दिक बधाई

विष्णु प्रसाद पौडेल + सरिता पहारी

पोखरा उपमहानगर वडा नं. २७, हेमजा निवासी हाल्ला आलमीब दाजु विष्णुप्रसाद पौडेलज्यु हेमजा, मेलवोट निवासी सरिता पहारीसंग मंगलबार वैवाहिक सम्बन्धमा बाँधिनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरुको सुखद दाम्पत्य जीवन एवं उज्जवल भविष्यको शुभकामना व्यक्त गर्दछौं ।

एकराज पराजुली (राजु)
एवं समस्त पराजुली परिवार, भदौरेतामागी ५, कास्की

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५२९,५४५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा